# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०८ को उपदफा (१) मा व्यवस्था भए बमोजिम अर्थ सचिव श्री शिशिर कुमार ढुङ्गानालाई नेपाल राष्ट्र बैंक, संचालक समितिको



सदस्यको रूपमा सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ले २०७६ फागुन ५ गते पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो ।

भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिकामा जन्मनु भएका सचिव श्री ढुङ्गानाले त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापनमा स्नातकोत्तर तह उत्तीर्ण गर्नु भएको छ ।

सचिव श्री ढुङ्गानाले वि.सं. २०५२ सालमा निजामती सेवामा प्रवेश गरी हालसम्म नेपाल सरकारका विभिन्न मन्त्रालय र विभागहरूमा उच्च तहमा रही कार्यानुभव हासिल गर्नु भएको छ ।

अर्थ सचिव एवम् सञ्चालक श्री ढुङ्गानाको कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं ।

**२०७६ फागुन ५, सोमबार** **गभर्नरको कार्यालय**